# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नः ९८५६०१००४५
ईमेलः info@bhimsenmun.gov.np
bhimsenthapagaupalika@gmail.com
website: www.bhimsenmun.gov.np


पत्र संख्याः०७७/०७८

च. नं.

मितिः२०७८/०१/३१

## भिमसेनथापा गाउँपालिकाको हार्दिक अपिल!

प्रस्तुत विषयमा यस भिमसेनथापा गाउँपालिकाले गाउँपालिका भित्र तिब्र रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागी **मिति २०७८।०२।०१ गतेदेखी मिति २०७८।०२।१५** गतेसम्म लागुहुनेगरी देहायको निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयन गरि स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्नुहुन भिमसेनथापा गाउँपालिका, गाउँपालिकावासी तथा सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछ ।

१. गाउँपालिका तथा मातहतका सरकारी कार्यालयबाट प्रवाह हुने **अत्यावश्यक वाहेकका सवै सेवा वन्द** गर्ने ।

२. गाउँपालिका भित्रका सवै प्रकारका विद्यालय, क्याम्पस र शैक्षिक संस्थाहरु **पुर्ण रुपमा बन्द** गर्ने ।

३. अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कने र हिडडुल नगर्ने ।

४. सवै प्रकारका सभा, सम्मेलन, गोष्टी, तालिम, सेमिनार, भेला, जात्रा, महोत्सव निषेध गर्ने।

५. एम्बुलेन्स, शववाहन, खाद्यसामाग्री, तरकारी, कृषिजन्य उत्पादन, निर्माण सामाग्री औषधि तथा स्वास्थ्य सामाग्री वोकेका सवारी, अत्यावश्यक कामकाजका लागी प्रयोग हुने सवारी, स्वास्थ्यकर्मी तथा बैकका कर्मचारीले प्रयोग गरेका सवारी वाहेकका सवारी साधन संचालनमा रोक लागाउने ।

६. औषधि तथा स्वास्थ्य सामाग्रीका पसलहरु **२४ सै घण्टा खुल्ला** रहने, कृषिजन्य उत्पादन, मल, विउ विजन तथा खाद्यान्न पसलहरु **विहान ६ देखी ९ वजेसम्म** खुल्ने, निर्माण सामाग्रीका पसलहरु **साँझ ७ वजेदेखि बेलुका ९ बजेसम्म** सामाजिक दुरी कायम राखी खुल्ला रहने अन्य सवै प्रकारका पसलहरु बन्द गर्ने । निर्माण सामाग्री ढुवानीका सवारी साधनहरु **वेलुका ७ बजेदेखि विहान ५ वजेसम्म** मात्र संचालन गर्ने ।

७. विवाह, ब्रतबन्ध, भोज भतेर जस्ता सामाजिक क्रियाकलाप संचालन गर्दा नजिकको सुरक्षा निकायसँगको समन्वयमा **१५ जना भन्दा कम** व्यक्तिहरुको उपस्थितीमा गर्नुपर्ने । विवाह कार्यक्रममा सवारीसाधन प्रयोग गर्दा अगाडी विवाहको व्यानर राखी **बेहुला, बेहुली, सवारी चालक सहित वढिमा १० जनासम्म** सवार हुने ।

८. मठ मन्दिर, गुम्बा, मस्जिद, मदर्सा, चर्च लगायत धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गर्नेगरी नित्य पुजा , ध्यान, प्रार्थना वाहेक अन्य कार्यहरु नगर्ने/नगराउने ।

९. भिमसेनथापा गाउँपालिका भित्रको **मेगा बैक नेपाल लि**. आईतवार ,सोमबार र मंगलबार, **साङ्ग्रिला विकास वैक** बुधवार, विहिवार र शुक्रवार **विहान १० वजेदेखि २ वजेसम्म** स्वास्थ्य सुरक्षाका सम्पुर्ण मापदण्ड पालना गरी संचालन गर्ने अन्य सवै प्रकारका वित्तिय संस्थाहरु वन्द गर्ने ।

१०. ज्वरो, सुख्खा खोकी तथा रुघा लाग्ने जस्ता कोभिड -१९ संग सम्बन्धित लक्षण देखा परेमा घर परिवार र अन्य व्यक्तिहरुबाट आफुलाई Isolate गरी स्वास्थ्यकर्मीलाई खवर गर्ने ।

**"आफु वचौं, अरुलाई पनि बचाऔं ।"**

विजय राज वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

विजय राज वाग्ले
प्रमुख प्रशासकीय अधिकृत